म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

वर्षः१७ अङ्कः- १४२ २०८३ वैशाख १ गते मंगलबार 14 April 2026, Tuesday - पृष्ठ ४ मूल्य रु. ५/-

## नयाँ वर्षको शुभकामना

नयाँ वर्षको शुभ अवसरमा हाम्रा सम्पूर्ण पाठक, लेखक, विज्ञापनदाता, सहयोगी, शुभेच्छुकमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

सुरेश श्रेष्ठ, सम्पादक
एवम् समृद्ध समाज राष्ट्रिय दैनिक परिवार
हेटौंडा, मकवानपुर

## स्वास्थ्यकर्मीबाटै एचआइभी संक्रमितमाथि विभेद भएको गुनासो

समाज संवाददाता

हेटौंडा : स्वास्थ्य संस्थामा उपचार सेवा लिने क्रममा स्वास्थ्यकर्मीबाटै विभेदको महसुस हुने गरेको एचआइभी संक्रमितहरुले गुनासो गरेका छन् । सोमबार जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरको आयोजनामा एचआइभी एड्स सम्बन्धी लान्छना तथा भेदभाव न्युनीकरणका लागि सरोकारवालाहरुसँग अभिमुखीकरण कार्यक्रमका सहभागी संक्रमितहरुले विभेदको गुनासो गरेका हुन् ।

उनीहरुले स्वास्थ्य संस्थामा उपचारका लागि जाँदा एचआइभी संक्रमित भन्ने थाहा पाउनुअघि र पछि गर्ने व्यवहारमा फरक पाउने गरेको बताएका छन् । यसअघि एचआइभी तथा एड्सलाई उपचारको अभावमा विशेष रोग मानेर संक्रमितहरुलाई अन्य व्यक्तिहरुले अवहेलना, छुवाछुत लगायत तिरस्कार गर्दै आएकोमा पछिल्लो समय सिधै नगरी घुमाउरो तरिकाले विभेद तथा लान्छना लगाउने गरिएको उनीहरुको भनाइ छ । यद्यपी गोपनीयताको कारण समाजमा विभेद कम भएपनि स्वास्थ्य संस्थामा रोगबारे जानकारी दिनुपर्ने भएकोले संक्रमित भनेर चिनेपछि स्वास्थ्यकर्मीहरुको बोली, व्यवहार लगायत फरक पाउने गरेको उनीहरुले बताएका छन् ।

कार्यक्रममा एड्स हेल्थकेयर फाउन्डेसन नेपालका परामर्शकर्ता अमृत लामिछानेले समग्र जिल्लाको एचआइभी संक्रमितहरुको अवस्था र लान्छनाबारे कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उहाँले कार्यपत्र मार्फत हाल नेपालमा एड्सको कारण हुने मृत्युको दर घट्दै गएको र संक्रमणको दर पनि घट्दै गएको देखिन्छ । तथ्याङ्क अनुसार सन् २००० मा ५ हजार ५ सय ४५ जना संक्रमण भएकोमा सन् २०१० मा २ हजार ५ सय ५७ जना भएको र सन् २०२४ मा ६ सय १४ जनामा मात्र संक्रमण भएको लामिछानेले बताउनुभयो ।

यस्तै सन् २००० मा वार्षिक ९० जनाको मृत्यु भएकोमा सन २०१० मा बढेर वार्षिक ४ सय ४० जनाको मृत्यु भएको र सन् २०२४ मा पुनः घटेर मृत्युदर १ सय ६९ जना भएको छ । आगामी दिनमा संक्रमणको दर र मृत्युदर अझै घट्दै सकारात्मक नतिजातर्फ जाने कार्यक्रमका सहभागीहरुले अपेक्षा गरेका छन् । कार्यक्रममा जिल्ला स्वास्थ्य कार्यालय मकवानपुरका प्रमुख किरण श्रेष्ठ, हेटौँडा उपमहानगरपालिका जनस्वास्थ्य शाखा प्रमुख सूर्यप्रसाद तिवारी, जनस्वास्थ्य कार्यालय मकवानपुरका कर्मचारी तथा एचआइभी तथा एड्स संक्रमितहरु लगायत अन्य सरोकारवालाहरुको सहभागिता थियो ।

## आचार्यले काँग्रेस छाडे

समाज संवाददाता

हेटौंडा : नेपाली काँग्रेसका क्रियाशील सदस्य ह्यग्रिव आचार्यले पार्टी छाड्नु भएको छ । केही वर्षयता पार्टीले लिएको नीति र क्रियाकलाप देश र जनताका हित विपरीत हुँदै आएको भन्दै आचार्यले नेपाली काँग्रेस जिल्ला कार्यसमितिमा सोमबार राजीनामा बुझाउनुभएको हो ।

राजीनामा पत्रमा आफु २०३८ सालदेखि बीपी कोइरालाको प्रजातान्त्रिक समाजवादमा आबद्ध हुँदै २०४६ सालमा पार्टीको साधारण सदस्य र २०५२ सालमा क्रियाशील सदस्य भएको उल्लेख गर्दै पार्टीको दस्तावेज तयार गर्ने र शिक्षा, साहित्य, मानवअधिकार र सहकारीको माध्यमबाट प्रजातान्त्रिक बहुदलबादको संरक्षण एवम् संवर्द्धन गर्दै आएको उहाँले स्पष्ट पार्नुभएको छ । पछिल्लो समय लिएको नीति र क्रियाकलाप देश र जनताका हित विपरीत हुँदै आएकाले आफूले ग्रहण गर्दै आएको सोच र पार्टीले गर्दै आएको क्रियाकलाप बीच अत्यन्तै ठूलो अन्तरविरोध भएकाले पार्टीको साधारण सदस्य समेत नरहने गरी यो राजिनामा दिएको आचार्यले बताउनुभयो ।

हेटौंडा ५ निवासी आचार्य विगतमा लामो समय अध्यापन तथा साहित्यको क्षेत्रमा सक्रिय रहनुभएको थियो । शिक्षक पेशाबाट राजीनामा दिँदै २०७९ सालमा स्थानी निर्वाचनमा हेटौँडा वडा नम्बर ५ बाट वडा अध्यक्षमा उम्मेदवार समेत बन्नु भएको थियो । सो निर्वाचनमा हार व्यहोर्नु भएका आचार्य काँग्रेसमा सक्रिय हुनुहुन्थ्यो । पछिल्लो समय नेपाली काँग्रेस पार्टी बीपीको सिद्धान्त भन्दा पनि गुट, उपगुट तथा सत्तामोहमा डुबेको उहाँको आरोप छ ।

## भृकुटी मण्डपको भाडा नतिर्ने स्टलमा तालाबन्दी



रिपोर्टर्स क्लबमा लगाइएको ताला ।

काठमाडौं : काठमाडौंको भृकुटीमण्डपमा भाडामा सटल लिएर पनि वर्षौंदेखि भाडा नतिरेपछि सोमबार ताला लगाइएको छ । भाडा लिएर पनि नतिर्नेमध्ये २० वटामा आज समाजकल्याण परिषद्ले सुरक्षाकर्मीको सहयोगमा ताला लगाएको हो । यहाँ सबैभन्दा धेरै भाडा तिर्न बाँकी रहेको संस्था हो काठमाडौं उपत्यका सार्वजनिक पुस्तकालय समाज रहेको छ । यो संस्थाले परिषद्लाई १ करोड ७६ लाख ७० हजार २८१ रुपैयाँ भाडा तिर्न बाँकी छ । यो संस्थाले लिएको स्टल नम्बर ६८ को भाडा हो । त्यस्तै यही संस्थाले स्टल ३४ भाडामा लिएबापत १ करोड १३ लाख ५३ हजार ९५ रुपैयाँ तिर्न बाँकी छ ।

राष्ट्रिय अपांग महासंघले पनि परिषद्लाई १ करोड १६ लाख ३२ हार २७ रुपैयाँ भाडा नतिरेको परिषद्ले जनाएको छ । बालबालिकाका लागि गैरसरकारी संस्था महासंघ नेपाल स्टल नम्बर ७४ ले पनि ८९ लाख ९० हजार ७४६ रुपैयाँ भाडा तिरेको छैन । नेकपा एमालेनिकट अनेरास्ववियु (अखिल)ले स्टल नम्बर ६० र ६१ भाडामा लिएको र ०७७ सालदेखि अहिलेसम्म भाडा नतिरेको परिषद्ले जनाएको छ । त्यस्तै नेपाल राष्ट्रिय मानव अधिकार संरक्षण मञ्चले पनि २१ लाख ८५ हजार ९५७ रुपैयाँ भाडा तिरेको छैन ।

ऋषि धमला सञ्चालक रहेको रिपोर्टस क्लब नेपालले ७३ लाख ४० हजार ९० रुपैयाँ भाडा नतिरेपछि आज ताला लगाइएको छ । त्यस्तै उपभोक्ता मञ्च नेपालले ४५ लाख ५७ हजार ९०७ रुपैयाँ, लोकतान्त्रिक सहिद तथा घाइते समाजले १४ लाख ६१ हजार ३७०, नेपाल पत्रकार महासंघ काठमाडौं शाखाले ३३ लाख ७ हजार ४२१ रुपैयाँ भाडा तिरेको छैन । त्यस्तै सेन्थेसिस एक्जिबिसन एण्ड इभेन्ट्स १० लाख रुपैयाँ, मनकला श्रेष्ठ जुत्ता पसलले ७ लाख ४६ हजार २३ रुपैयाँ, टीकाराम सिटौला जुत्ता पसलले ११ लाख ८० हजार ६२५ रुपैयाँ, कृष्णप्रसाद लामिछाने जुत्ता पसलले ८ लाख ९८ हजार १६३ रुपैयाँ, यशोदाकुमारी सेठी खाजा पसलले १० लाख ५९ लाख १५६ रुपैयाँ, हरि हमात्य खाजा पसलले ५ लाख १५ हजार ६६४ रुपैयाँ भाडा तिर्न बाँकी छ ।

त्यस्तै नारायणकुमारी निरौला खाजा पसलले २ लाख ७३ हजार १३ रुपैयाँ, बुद्धिराम भुसाल खाजा पसलले ६ लाख ८७ हजार ७३४ रुपैयाँ, मञ्जु तिमिल्सिना खाजा पसलले ९ लाख ७ हजार ७१० रुपैयाँ, चित्रबदुर पण्डित क्षेत्री खाजा पसलले २ लाख १९ हजार ५६७ रुपैयाँ, नेपाल फोटो पत्रकार महासंघले २० लाख ६८ हजार रुपैयाँ भाडा नतिरेपछि आज ताला लगाइएको छ । *स्रोत : अनलाइनखबर ।*

## पालिकास्तरीय परीक्षा-२०८२

## बागमती गाउँपालिकाका ७२.७५ प्रतिशत विद्यार्थी ग्रेडेड

समाज संवाददाता

हेटौंडा : मकवानपुरको बागमती गाउँपालिकाले पालिकास्तरीय परीक्षा (कक्षा-८) को नतीजा सार्वजनिक गरेको छ । शुक्रबार प्रकाशन गरेको नतिजामा ७२.७५ प्रतिशत मात्रै विद्यार्थी ग्रेडेड भएको पालिकाका शिक्षा शाखा प्रतिनिधि प्रमोद राईले जानकारी दिनुभयो । चैत ८ गतेदेखि १६ गतेसम्म सञ्चालन भएको परीक्षामा पालिकाका १५ वटा विद्यालयका ४ सय २२ जना विद्यार्थी सहभागी थिए ।

परीक्षामा सहभागी मध्ये ३ सय ७ जना (७२.७५ प्रतिशत) विद्यार्थी ग्रेडेड भएका छन् । पालिकास्तरीय परीक्षामा ६ विद्यालयले शतप्रतिशत नतिजा हासिल गरेको छ । शतप्रतिशत नतिजा हासिल गर्नेमा बागमती गाउँपालिका-१, करौंजेस्थित टंकेश्वर आधारभूत विद्यालयलबाट ११ जना, ज्ञान मन्दिर आविबाट १५ जना, विष्णु आविबाट १७ जना, गीता आविबाट ९ जना, सीता आविबाट ६ जना र जनहित आविबाट १६ जनाले परीक्षा दिएकोमा सबै ग्रेडेड भएका छन् ।

पालिकाका १५ विद्यालय मध्ये चौरा आविले कमजोर नतिजा ल्याएको छ । चौरा आविबाट परीक्षामा २९ जना ग्रेडेड हुँदा ७ जना नग्रेडेड भएका छन् । यस्तै सूर्य माविबाट २४ जना विद्यार्थी ग्रेडेड हुँदा ८ जना नन्ग्रेडेड भएका छन् । बागमती माविबाट ६५ जना सहभागी भएकोमा ६२ जना, देवकी माविबाट ६८ जना सहभागी भएकोमा ४१ जना, जनता माविबाट ६९ जना सहभागी भएकोमा ४४ जना, बाघभैरव माविबाट १८ जना सहभागी भएकोमा १६ जना, पञ्चकन्या आविबाट १६ जना सहभागी भएकोमा १२ जना र वनदेवी आविबाट ३० जना सहभागी भएकोमा २० जना ग्रेडेड भएका छन् ।

पालिकाले मौका परीक्षाको गर्ने प्रतिनिधी राईले जानकारी दिनुभयो । यस वर्ष मौका परीक्षामा ५९ जना विद्यार्थीले ग्रेडवृद्धि मौका परीक्षा दिन पाउनेछन् । परीक्षामा २ वटासम्म विषय लागेका विद्यार्थी सहभागी हुन पाउने छन् । पालिकास्तरीय बैठक पश्चात परीक्षा संचालन गरिने उहाँले बताउनुभयो । अघिल्लो वर्ष पनि यहि नतिजा कै हाराहारीमा विद्यार्थी ग्रेडेड भएको उहाँको भनाई छ ।

### थाहा नगरका ५५८ जना ग्रेडेड

हेटौँडा : मकवानपुरको थाहा नगरपालिका कक्षा-८ को वार्षिक परीक्षाको नतीजा सार्वजनिक गरेको छ । आइतबार प्रकाशन गरेको नतिजामा ९३.६२ प्रतिशत मात्रै विद्यार्थी ग्रेडेड भएको पालिकाका शिक्षा शाखा प्रमुख माधव बिक्रम मल्लले जानकारी दिनुभयो । चैत ८ गतेदेखि १६ गतेसम्म भएको परीक्षामा पालिकाका भित्र सामुदायिक र संस्थागत गरी २५ वटा विद्यालयबाट ५ सय ९६ जना विद्यार्थी सहभागी थिए ।

परीक्षामा सहभागी मध्ये ५ सय ५८ जना (९३.६२ प्रतिशत) विद्यार्थी ग्रेडेड भएका छन् । सामुदायिकतर्फ सरस्वती विद्या मन्दिरबाट ४३, इन्द्रायणी माविबाट २७, झम्केश्वरी माविबाट ३२, महाकाल आविबाट १४, सरस्वती माविबाट २८, बुद्ध आविबाट ५, सुनौलो माविबाट १९ र सरस्वती आविबाट १५ जना शत्प्रतिशत ग्रेडेड भएका छन् । यस्तै संस्थागततर्फ हिमालयन इंग्लिस सेकेन्डरी बोर्डिङ स्कुलबाट ३८, पालुङ अङ्ग्रेजी आवासीय सेकेन्डरी स्कुलबाट ११ जना, पालुङ मोडर्न इंग्लिस मिडियम स्कुलबाट १२ जना, पालुङ एकेडेमीबाट २५ जना र इअन एकेडेमीबाट २४ जना शतप्रतिशत ग्रेडेड भएका छन् ।

यस्तै सुन्दरीदेवी माविबाट २१ जना सहभागी भएकोमा २ जना, स्वच्छन्द भैरब माविबाट २० जना सहभागी भएकोमा ९ जना, सेती गणेश आविबाट ५ जना सहभागी भएकोमा ३ जना, जनकल्याण माविबाट ४६ जना सहभागी भएकोमा २ जना, मत्स्य नारायण माविबाट २० जना सहभागी भएकोमा १ जना, नाटेश्वर माविबाट २२ मा १ जना, बागेश्वरी माविबाट ६९ जनामा ११, बज्रबाराही माविबाट २४ जनामा ४, बसन्त आविबाट १२ जनामा १, चम्पेश्वर आविबाट ८ जनामा २, दुर्गादेवी आविबाट १२ जनामा १ र गीतादेवी आविबाट ६ जनामा १ जना नन्ग्रेडेड भएका छन् ।

## हेटौँडामा सवारी दुर्घटनामा ४७ जना घाइते

समाज संवाददाता

हेटौंडाः हेटौंडामा भएको छुट्टाछुट्टै सवारी दुर्घटनामा ४७ जना घाइते भएका छन् । पूर्व-पश्चिम राजमार्ग अन्तर्गत हेटौंडा-१९, बस्तीपुर क्याम्पाडाँडामा बस र टिपर ठोक्किँदा ४५ जना घाइते भएका छन् ।

सोमबार बिहान १ बजेर ४० मिनेटको समयमा ना ७ ख ५८३८ नम्बरको सडक छेउमा रोकिराखेको टिपरलाई काठमाडौंबाट झापाको काँकडभिट्टा जाँदै गरेको बाप्र ०३-००१ ख २५५६ नम्बरको यात्रुबाहक बसले ठक्कर दिएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ । दुर्घटनामा २ जना गम्भीर, ९ जना मध्यम र ३४ जना सामान्य घाइते भएका छन् ।

घाइतेहरु ३६ जनाको हेटौँडास्थित सिएमसी चुरेहिल अस्पतालमा उपचार भइरहेको छ भने एक जनाको हेटौंडा अस्पतालमा उपचार भइरहेको छ । बाँकी ८ जनालाई हेटौंडा अस्पतालमा सामान्य उपचारपश्चात डिस्चार्ज गरिएको छ । टिपर चालक मकवानपुरको राक्सिराङ गाउँपालिका-३ का २५ वर्षीय अशोक पाख्रिनलाई प्रहरीले नियन्त्रणमा लिएको छ । दुर्घटनापछि सडक अवरुद्ध नभएको प्रहरीले जनाएको छ ।

यस्तै, पूर्व-पश्चिम राजमार्ग अन्तर्गत हेटौँडा-३, शान्तिचोकमा मोटरसाइकलले पैदलयात्रीलाई ठक्कर दिँदा दुई जना घाइते भएका छन् । आइतबार बिहान ५ बजेर ५० मिनेटको समयमा नेवारपानीबाट हेटौँडातर्फ आउँदै गरेको ना ६० प २०५ नम्बरको मोटरसाइकलले बाटो छेउमा नगरपालिकाको गाडीमा फोहोर फाल्न उभिरहेकी २८ वर्षीया राममाया तामाङलाई ठक्कर दिएको प्रहरीले जानकारी दिएको छ ।

दुर्घटनामा मोटरसाइकल चालक बारा जिल्लाको निजगढ नगरपालिका-१३ का ३५ वर्षीय वीरबहादुर प्रजा पनि घाइते भएका छन् । घाइते दुबै जनाको चुरेहिल अस्पतालमा उपचार भइरहेको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ ।

### बुधबारे बालसाहित्य

**यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।**



**सम्पादक**

### न्यू स्वर्ण भण्डार सुनचाँदी पसल राप्तिरोडबाट खोपेगल्लीमा सरेको सूचना

हेटौँडा-१०, राप्तिरोडमा रहेको न्यू स्वर्ण भण्डार सुनचाँदी पसल यहि मिति २०८२ साल फाल्गुन २९ गतेदेखि हेटौँडा-४, खोपेगल्लीस्थित आफ्नै भवनमा (रोज एकेडेमी स्कूलसँगै) सरेको सहर्ष जानकारी गराउँदछौं ।

**प्रो. ज्योति रत्न बज्राचार्य**
सम्पर्क : ९८४५५९८३०१, ९८०४२२८३६४

## मकवानपुर प्रहरीद्वारा लागूऔषधसहित ४ जना पक्राउ



प्रहरीले बरामद गरेको लागूऔषध ।

समाज संवाददाता

हेटौँडा : मकवानपुर प्रहरीले लागूऔषधसहित ४ जनालाई पक्राउ गरेको छ । शनिबार र आइतबार विभिन्न स्थानबाट उनीहरुलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले सोमबार साँझ जानकारी दिएको छ ।

हेटौँडा-११ का ३२ वर्षीय बिकी बिश्वकर्मा र हेटौँडा-१२ का ३० वर्षीय बुद्ध स्याङ्तानको साथबाट प्रतिबन्धित लागूऔषध खैरोहेरोईन ३ ग्राम १३० मिलिग्राम र ट्रामाडोल १० क्याप्सुल बरामद गरेको प्रहरीले जनाएको छ । यस्तै मकवानपुरगढी गाउँपालिका-३ का १९ वर्षीय गणेश घिमिरे र हेटौँडा-१ का ३० वर्षीय सुमन लामाको साथबाट लागूऔषध गाँजा २ किलो ४०० ग्राम फेला परेको प्रहरीले जानकारी दिएको छ । प्रहरीले चारै जनालाई हिरासतमा राखेर थप अनुसन्धान तथा कारवाही प्रक्रिया अगाडि बढाएको जनाएको छ ।

### हेटौँडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

**हेटौँडा रिफरेन्स ल्याबरोटरी**

हेटौँडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

## सम्पादकीय

# नयाँ अनभूति होस्

आजबाट नयाँ वर्ष सुरु भएको छ । विक्रम सम्वत् २०८२ लाई बिदा गर्दै २०८३ सुरु भएको छ । नयाँ वर्षको अवसरमा विभिन्न कार्यक्रम आयोजना हुनेछन् । नयाँ वर्ष सुरुको दिनमा नयाँ उमङ्गाका साथ खानपिन, घुमफिर, भेटाघाट गरेर मनाइने गरिन्छ । नेपालमा धेरै प्रकारका नयाँ वर्ष मनाइन्छ । विभिन्न चाडपर्व तथा उत्सव पनि उत्तिकै महत्वका साथ मनाउने गरिन्छ । विविध जातजातिको आ-आफ्नै नयाँ वर्ष भए पनि नेपालभर सबैको साझा नयाँ वर्ष भने बैशाखबाट सुरु हुन्छ । नयाँ वर्षबाट नयाँ कामको सुरुवात गरिने भएकाले यसले धेरैको जीवनमा नयाँ जोस र उमङ्ग सञ्चार गर्ने गर्दछ । नयाँ वर्षमा आदानप्रदान गरिने शुभकामनाले पनि नयाँ ऊर्जा प्रदान गर्दछ ।

हरेक देशमा नयाँ वर्षलाई हर्ष र उल्लासका साथ खुसीयाली साटासाट गर्दै मनाउने चलन छ । नयाँ वर्षको आगमनसँगै सबैले सुख, शान्ति र समृद्धिको कामना गर्दै शुभकामना आदानप्रदान गरिरहेका छन् । हरेक नयाँ वर्षमा दिइने शुभकामना औपचारिकतामा सीमित हुने गरेको छ । शुभकामनाका अधिकांश शब्दहरु व्यवहारमा लागू हुन सक्दैनन् । नयाँ वर्षबाट यसो गर्छु, उसो गर्छु भनेर आफैँले गरेको बाचासमेत धेरैको अधुरो नै हुने गरेको छ । त्यसो त कुनै नयाँ कामको सुरुवात गर्न नयाँ वर्ष नै कुर्नुपर्ने हुँदैन । लामो प्रतीक्षापछि नयाँ वर्षको अवसरमा सुरुवात गरेका काम वा बाचालाई सबैले इमान्दारिताका साथ कार्यान्वयन गर्ने हो भने यसको सार्थकता हुन्छ । हरेक नयाँ वर्षमा बाचा वा प्रणमात्र गर्ने तर कार्यान्वयनमा इमान्दार बन्न नसक्दा हामीले सोचेजस्तो अवस्था बन्न सक्दैन ।

हरेक नयाँ वर्षमा नयाँ अनुभूति खोजी गर्दै गर्दा विगतको वर्षको समीक्षा आवश्यक हुन्छ । नयाँ वर्ष २०८३ को स्वागत गर्दै गर्दा २०८२ का नकारात्मक पक्षहरुलाई नदोहोऱ्याउने प्रण गर्नु आवश्यक छ । नयाँ वर्षमा नयाँ कुराको अपेक्षा गरिरहँदा पुरानो वर्षको गलत कुराहरु त्यागनुपर्छ । विगतको समीक्षा गर्दै भविष्यको योजना बनाउनु काम हामी सबैले गर्नुपर्छ । गएको एक वर्षमा केकस्ता उपलब्धि हासिल गर्न सकियो, के कस्ता कमजोरी र विफलताहरु भए भनी तिनको लेखाजोखा गरी त्यसबाट पाठ सिक्दै आगामी वर्षमा सुधार गर्दै जान नयाँ वर्ष एउटा अवसर बन्नुपर्छ । नयाँ वर्षसँगै देशमा नयाँ सरकार आएको छ । सरकारले पनि विगतका कमी, कमजोरीलाई सुधार गरेर आम नेपालीको अपेक्षाबमोजिम नयाँ ढङ्गबाट काम गर्नुपर्छ । भ्रष्टाचारको अन्त्य गर्दै सुशासन दिने र विकास निर्माणका काममा भइरहेका अवरोध अन्त्यमात्र गर्ने हो भने नयाँ सरकारबाट नयाँ वर्षमा आम नेपालीले नयाँ अनुभूति गर्ने अवस्था बन्छ ।

२०८२ साल नेपालीहरुका लागि विशेष रह्यो । जेनजी आन्दोलनको पीडा र विध्वंशसँगै नयाँ जनमतबाट नयाँ सरकार गठन भएको छ । पुराना राजनीतिक शक्ति र नेतृत्व परिवर्तन गरेर नयाँ वैकल्पिक शक्तिको सरकार बनेको छ । नयाँ सरकारले सुरुवातमा देखाएको सकारात्मक शैलीले धेरै नेपालीमा आशाको सञ्चार पनि गरेको छ । नयाँ वर्षको सुरुवात हुँदै गर्दा २०८३ साल विगतका अन्य वर्षहरुभन्दा नेपालीहरुका लागि सुखद् हुने अनुमान गरिएको छ । नयाँ सरकारले ल्याउने नीति तथा कार्यक्रम र बजेट पनि परम्परागतभन्दा पृथक र सार्थक हुने अपेक्षा गरिएको छ । सरकार गठन भएलगत्तै सार्वजनिक गरिएको एक सय बुँदे शासकीय सुधारका कामहरुको सफल कार्यान्वयन भएमा नयाँ वर्ष २०८३ साँच्चै नयाँ अनभूति हुने देखिन्छ । नेपालीहरुको नयाँ वर्षको अवसरमा प्रत्येक नेपालीले नवीन र सार्थक कामको सुरुवात गर्न सकून् । नयाँ वर्ष २०८३ को अवसरमा हाम्रा सम्पूर्ण पाठक, लेखक, विज्ञापनदाता, सहयोगी, शुभेच्छुक तथा सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धिका साथै नवीन अनभूतिको हार्दिक मंगलमय शुभकामना ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | वारुण यन्त्र १०१ |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | बालबालिका खोजतलास केन्द्र १०४ |
| ट्राफिक प्रहरी १०३ | बाल हेल्पलाइन १०९८ |
| वडा प्रहरी ५२०२९९ | हेलो सरकार ११११ |
| पशुपतिनगर इलाका ५२०५९८ | नेपाल टेलिकम सोधपुछ १९७ |
| मनहरी इलाका ९८५५०९०१६१ | एम्बुलेन्स १०२ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| पालुङ इलाका ६२०४६७ | |
| फापरबारी इलाका ६२१९८० | |
| चित्लाङ इलाका ६२१००० | |

## तपाईको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क: ९७४५०२८५५५

| | |
|---|---|
| **मेष** | : नयाँ कामको थालनी हुने समय योग रहेको छ । |
| **वृष** | : नैराश्यता र चिडचिडेपन बढ्न सक्ने योग छ । |
| **मिथुन** | : पारिवारिक जमघट बढ्ने समय योग छ । |
| **कर्कट** | : साहित्यिक कार्यमा मन जाने समय योग छ । |
| **सिंह** | : रोकिएको धन हात पर्न प्रयास गर्नुपर्ला । |
| **कन्या** | : मन कमजोर र मानसिक तनाव बढ्ने छ । |
| **तुला** | : बुद्धि र विवेकको उपयोगले काममा पूर्णता प्राप्त होला । |
| **वृश्चिक** | : कामधन्दामा मज्जाले खट्नुपर्ने समय छ । |
| **धनु** | : धार्मिक एवम् पारम्परिक काममा सरिक भइएला । |
| **मकर** | : संयमताले काम अगाडि बढाउँदा राम्रो । |
| **कुम्भ** | : रमाइलो यात्रामा सरिक भइने समय योग छ । |
| **मीन** | : स्वास्थ्य स्थितिमा ध्यान पुऱ्याउँदा राम्रो रहन्छ । |

# राजा, राजसंस्था, श्रीपेच



✍ भृगु कार्की



नेपालको राजनीतिक, कूटनीतिक तथा सामाजिक-सांस्कृतिक संरचनाको समग्र रुपमा हेर्दा राष्ट्रको पहिचान केवल भौगोलिक सीमाभित्र सीमित रहने विषय नभई ऐतिहासिक निरन्तरता, सामाजिक मूल्य, सांस्कृतिक परम्परा र सामूहिक राष्ट्रिय चेतनाको समष्टिगत रूप पनि हो । यही सन्दर्भमा राजा, राजसंस्था, श्रीपेच तथा अन्य ऐतिहासिक राष्ट्रिय प्रतीकहरू नेपालको इतिहासमा केवल शासन व्यवस्थाका अंश मात्र नभई राष्ट्र निर्माण, एकता, सार्वभौमिकता र सांस्कृतिक पहिचानसँग गहिरो रूपमा जोडिएका प्रतीकात्मक तत्वका रूपमा स्थापित भएको देखिन्छ । नेपाललाई अन्तर्राष्ट्रिय स्तरमा अलग पहिचान दिने ऐतिहासिक आधार तयार गरिएको थियो भने आन्तरिक रूपमा पनि विभिन्न जाति, धर्म, भाषा र संस्कृतिलाई एउटै राष्ट्रिय धागोमा बाँध्ने भूमिका निर्वाह गरेका थिए। तर आधुनिक लोकतान्त्रिक व्यवस्थामा अभिव्यक्ति स्वतन्त्रता एक आधारभूत अधिकारका रूपमा स्वीकार गरिएको छ, जसले नागरिकलाई विचार, कला, साहित्य, व्यंग्य र आलोचनात्मक अभिव्यक्तिको अधिकार प्रदान गरेकोमा यही स्वतन्त्रताको दुरुपयोग वा गलत व्याख्याका कारण कहिलेकाहीँ संवेदनशील राष्ट्रिय प्रतीकहरूलाई कलात्मक अभिव्यक्तिको नाममा अनावश्यक रूपमा अपमान गर्ने, उपहास गर्ने वा विकृत रूपमा प्रस्तुत गर्ने प्रवृत्ति देखिन थालेको छ, यस्तो प्रवृत्ति केवल व्यक्तिगत सृजनात्मकताको प्रश्न मात्र नभई राष्ट्रिय सम्मान, सामाजिक सद्भाव र संवैधानिक मर्यादासँग प्रत्यक्ष रूपमा जोडिएको संवेदनशील विषय बन्न पुग्दछ । कहिले राजाको विषयमा, कहिले धर्म संस्कृतिको विषयमा र कहिले प्रधानमन्त्री मन्त्रीहरुको व्यक्तिगत विषयमा कलात्मक अभिव्यक्तिको नाममा अनावश्यक रूपमा अपमान गर्ने, उपहास गर्ने वा विकृत रूपमा प्रस्तुत गर्ने प्रवृत्ति हावी रहेको पाइन्छ । नत यिनिहरुलाई कुनै कानूनी मापदण्ड वा दायरभित्र राख्नू सकिएको छ भने नत प्रयासनै गरिएको छ ।

राजा, राजसंस्था र श्रीपेचजस्ता प्रतीकहरूलाई ऐतिहासिक दृष्टिले हेर्दा यिनीहरू नेपालको राज्य संरचनाको विकासक्रममा निर्णायक भूमिका खेलेका संस्थागत र सांस्कृतिक प्रतीक हुन् । यिनले एकीकृत नेपाल निर्माणको ऐतिहासिक प्रक्रिया, राज्य सञ्चालनको परम्परा, तथा राष्ट्रिय पहिचानको निर्माणमा महत्वपूर्ण योगदान दिएका छन् भन्ने कुरा इतिहासका विभिन्न अध्यायहरूमा स्पष्ट रूपमा देखिन्छ । यस्ता प्रतीकहरूप्रति सम्मान वा आलोचना गर्न सकिने भए तापनि, तिनीहरूलाई अनावश्यक रूपमा हाँस्यास्पद बनाउने, अपमानजनक रूपमा चित्रण गर्ने वा जानाजानी जनभावनामा चोट पुर्यानउने उद्देश्यले प्रस्तुत गर्दा त्यसले केवल इतिहासको अपमान मात्र होइन, वर्तमान समाजको मनोविज्ञान र राष्ट्रिय एकताको भावनामा पनि नकारात्मक प्रभाव परेको छ । राजनीतिक दृष्टिकोणबाट हेर्दा कुनै पनि राष्ट्रको स्थायित्व केवल शासन प्रणालीको संरचनामा मात्र निर्भर हुँदैन, बरु नागरिकबीचको विश्वास, आपसी सम्मान र साझा राष्ट्रिय पहिचानमा आधारित हुन्छ।जब राष्ट्रिय प्रतीकहरूप्रति अनादरपूर्ण व्यवहार देखिन्छ, तब त्यसले राजनीतिक ध्रुवीकरण, वैचारिक विभाजन र असन्तोषको वातावरण सिर्जना गर्न सक्छ । यस्तो अवस्था दीर्घकालीन रूपमा लोकतान्त्रिक संस्थाहरूको सुदृढीकरणका लागि पनि चुनौतीपूर्ण बन्न सक्छ, किनकि लोकतन्त्र केवल अधिकारको अभ्यास मात्र नभई जिम्मेवारी र मर्यादाको सन्तुलन पनि हो ।

कूटनीतिक दृष्टिले पनि कुनै राष्ट्रको आन्तरिक व्यवहार र सांस्कृतिक अभिव्यक्तिहरूले अन्तर्राष्ट्रिय समुदायमा त्यस देशको छवि निर्माणमा प्रत्यक्ष प्रभाव पार्छन् । राष्ट्रिय प्रतीकहरूको अपमान वा अनावश्यक उपहास बाहिरबाट हेर्दा राज्यको सांस्कृतिक संवेदनशीलता कमजोर भएको संकेतका रूपमा व्याख्या हुन सक्ने सम्भावना रहन्छ, जसले देशको कूटनीतिक प्रतिष्ठा र सांस्कृतिक सम्मानमा असर पार्न सक्छ । विशेषगरी आजको वैश्विक युगमा, जहाँ सूचना प्रविधि र सामाजिक सञ्जालको माध्यमबाट कुनै पनि सामग्री छिटो फैलिन्छ, त्यस्ता विषयहरूले अन्तर्राष्ट्रिय स्तरमा पनि गलत सन्देश दिन सक्ने जोखिम रहन्छ । सामाजिक दृष्टिले पनि राष्ट्रको बल यसको नागरिकबीचको एकता, सहिष्णुता र पारस्परिक सम्मानमा आधारित हुन्छ । जब राष्ट्रिय प्रतीकहरूलाई उपहासको विषय बनाइन्छ, त्यसले समाजमा भावनात्मक विभाजन सिर्जना गर्न सक्छ । एक समूहले त्यसलाई अभिव्यक्ति स्वतन्त्रताको रूपमा व्याख्या गर्न सक्छ भने अर्को समूहले राष्ट्रिय अपमानको रूपमा लिने पनि हुन्छ । यस्तो द्वन्द्वले सामाजिक सद्भावमा खलल पुर्याषउन सक्छ र दीर्घकालीन रूपमा सामाजिक विश्वासको संरचनालाई कमजोर बनाउदै जान्छ । अभिव्यक्ति स्वतन्त्रता लोकतान्त्रिक व्यवस्थाको मेरुदण्ड भए तापनि यो पूर्ण रूपमा निरपेक्ष अधिकार होइन । विश्वमा सबै लोकतान्त्रिक मुलुकहरूले अभिव्यक्ति स्वतन्त्रतालाई जिम्मेवारी, नैतिकता र कानुनी सीमाभित्र राखेका हुन्छन् । घृणात्मक अभिव्यक्ति, धार्मिक वा जातीय अपमान, राष्ट्रिय सुरक्षा विरुद्धका गतिविधि तथा सामाजिक सद्भाव बिगार्ने क्रियाकलापहरूलाई विभिन्न कानुनी व्यवस्थामार्फत नियन्त्रण गरिएको पाइन्छ। त्यसैले नेपालको सन्दर्भमा पनि अभिव्यक्ति स्वतन्त्रता र राष्ट्रिय मर्यादाबीच सन्तुलन कायम गर्नु अत्यन्त आवश्यक विषय बनेको छ। कलात्मक अभिव्यक्ति समाजको चेतना विकास गर्ने महत्वपूर्ण माध्यम हो। साहित्य, कला, संगीत, चलचित्र तथा व्यंग्यले समाजका कमजोरीहरू उजागर गर्न, राजनीतिक चेतना फैलाउन र सुधारका लागि बहस सिर्जना गर्न महत्वपूर्ण भूमिका खेल्छन् । तर कलात्मक स्वतन्त्रताको नाममा यदि ऐतिहासिक प्रतीक, राष्ट्रिय गौरव वा सामाजिक आस्थाका आधार हरूलाई तोडमोड गरेर अनावश्यक रूपमा अपमानित गरिन्छ भने त्यसले कलाको उद्देश्यलाई नै कमजोर बनाउँछ त्यसैले राज्यको दायित्व नागरिक स्वतन्त्रताको संरक्षण गर्नु मात्र नभई राष्ट्रिय एकता, सामाजिक सद्भाव र सांस्कृतिक पहिचानको रक्षा गर्नु पनि हो । यस सन्दर्भमा कानुनी व्यवस्था स्पष्ट, सन्तुलित र व्यवहारिक हुन आवश्यक हुन्छ, जसले एकातर्फ अभिव्यक्ति स्वतन्त्रताको रक्षा गर्छ भने अर्कोतर्फ राष्ट्रिय प्रतीकहरूको सम्मान सुनिश्चित गर्दछ। आवश्यक परे दण्डात्मक व्यवस्था मात्र नभई शैक्षिक तथा सचेतनामूलक कार्यक्रमहरू पनि सञ्चालन गर्नुपर्छ, जसले नागरिकलाई जिम्मेवार अभिव्यक्तिको महत्व बुझाउन मद्दत गर्छ । यसबाहेक सामाजिक सञ्जालको बढ्दो प्रभावका कारण यस्ता विषयहरू अझ संवेदनशील बनेका छन्। डिजिटल प्लेटफर्ममा छिटो फैलिने सामग्रीले कहिलेकाहीँ गलत बुझाइ, अफवाह वा अतिरञ्जित व्याख्या सिर्जना गर्न सक्छ ।

राष्ट्रको स्थायित्व केवल कानुनी संरचनाले मात्र होइन, नागरिकको चेतना, जिम्मेवारी र आपसी सम्मानले निर्धारण गर्छ। राजा, राजसंस्था र श्रीपेचजस्ता ऐतिहासिक प्रतीकहरूलाई सम्मान गर्नु वा आलोचना गर्नु व्यक्तिगत अधिकारको विषय भए तापनि त्यसको अभिव्यक्ति मर्यादित, सन्तुलित र जिम्मेवार हुनुपर्छ । कुनै पनि अभिव्यक्ति जसले सामाजिक विभाजन, राष्ट्रिय अपमान वा कूटनीतिक हानि पुर्या उने सम्भावना राख्छ, त्यसप्रति राज्य र समाज दुवैले गम्भीर ध्यान दिनु आवश्यक हुन्छ । नेपाल जस्तो बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक देशमा राष्ट्रिय प्रतीकहरूको सम्मान र संरक्षण केवल कानुनी विषय मात्र नभई राष्ट्रिय एकताको आधारभूत शर्त हो। त्यसैले अभिव्यक्ति स्वतन्त्रता र राष्ट्रिय मर्यादाबीच सन्तुलन कायम गर्दै, जिम्मेवार अभिव्यक्तिको संस्कृति विकास गर्नु नै दीर्घकालीन रूपमा देशको स्थायित्व, शान्ति र समृद्धिको मार्ग हो भन्ने निष्कर्ष निकाल्न सकिन्छ ।

# नयाँ वर्षमा के संकल्प राख्ने अलमलमा हुनुहुन्छ ? यी हुन् राम्रा विकल्प

नयाँ वर्ष २०८३ को आगमनले हामी सबैलाई फेरि एक पटक नयाँ सुरुवातको अवसर दिँदैछ । प्रायः नयाँ वर्ष जस्तो विशेष समयमा हामी मध्ये धेरैले नयाँ पात्रो फेर्नेबाहेक अन्य केही पनि गर्छौं । त्यो भनेको आफूलाई नयाँ बनाउने हो । भनौं, आफैंले राख्ने/राखिने संकल्पहरू हुन् । जुन एउटा प्रचलनका रूपमा नै रहेको छ ।

संकल्पहरू सधैं ठूलो नै हुनुपर्छ भन्ने पनि छैन । दैनिक जीवनमा सजिलै लागू गर्न सकिने साना-साना प्रतिबद्धताहरू पनि संकल्पहरू हुन सक्छन् ।



### १. स्वास्थ्यलाई प्राथमिकता दिने

प्रत्येक दिन कम्तीमा ३० मिनेट पैदल हिँड्ने वा घरमै व्यायाम गर्ने । चिनी, तेल र जंकफुड कम गर्ने । यो संकल्पले हामीलाई चाँडै नै अस्पताल जानबाट बचाउँछ । जीवनको गुणस्तर बढाउँछ ।

### २. आर्थिक अनुशासन कायम गर्ने

मासिक आम्दानीको कम्तीमा १० प्रतिशत बचत गर्ने । अनावश्यक खर्च कटौती गर्ने र सानो-सानो लक्ष्यका लागि खाता खोल्ने । पैसा सञ्चय अर्थात् आर्थिक अनुशानको यो बानीले हामीलाई भविष्यको चिन्ता कम गर्न सहयोग गर्छ ।

### ३. नयाँ सीप सिक्ने

मोबाइलबाटै अनलाइन कोर्स गरेर डिजिटल साक्षरता, कृषि प्रविधि वा सिलाइ-बुनाइ जस्तो सीप सिक्ने । यस संकल्पले हामीलाई पुनर्ताजगी गराउँछ । सके नयाँ रोजगारीको ढोका खोल्छ । आत्मनिर्भर बनाउँछ ।

### ४. पर्यावरण संरक्षणमा योगदान दिने

घरबाट प्लास्टिकको झोला पूरै हटाउने । हरेक महिना कम्तीमा एउटा रुख रोप्ने । यस्तो संकल्पले दीर्घकालमा पर्यावरण संरक्षण गराउन सहयोग गर्छ । एक त हाम्रो देश हिमाल र नदीबाट बनेको छ, यसलाई जोगाउनु हाम्रो पनि कर्तव्य हो ।

### ५. परिवारसँग गुणस्तरीय समय बिताउने

आजकल हामी सबैभन्दा बढी मोबाइलमा समय बिताउन थालेका छौं । तर, नयाँ वर्षदेखि मोबाइल बन्द गरेर दिनमा एक छाक परिवारसँगै खाने र बच्चासँग कुराकानी गर्ने संकल्प राख्न सकिन्छ। यसले घरको वातावरण शान्त र सम्बन्ध मजबुत बनाउँछ ।

### ६. समयको सदुपयोग गर्ने

सामाजिक सञ्जालमा निश्चित समयभन्दा बढी नबिताउने र हरेक दिन एउटा उपयोगी काम पूरा गर्ने । यो संकल्पले 'समय नै जीवन हो, यसलाई व्यर्थ खेर फाल्नु हुँदैन' भन्ने कुराको बोध गराउँछ ।

### ७. पुस्तक पढ्ने बानी बसाल्ने

आजभोलि स्क्रिन टाइम अत्यधिक हुँदा धेरैको पुस्तक पढ्ने बानी छुट्दै गइरहेको छ । यस्तोमा चाहे उपन्यास होस्, कृषि सम्बन्धी होस् वा आत्मविकासका किताबहरू होउन्, महिनामा कम्तीमा दुई वटा पुस्तक पढ्ने बानी लगाउनुपर्छ । यसे हाम्रो दृष्टिकोण फराकिलो बनाउँछ ।

### ८. सकारात्मक सोच विकास गर्ने

व्यस्त दैनिकी र तीव्र गतिमा बढिरहेको जीवनशैली । यसले सकारात्मक सोच्ने क्षमता पनि गराउँछ। त्यस्तोमा प्रत्येक दिन तीनवटा कुराको कृतज्ञता व्यक्त गर्ने र नकारात्मक कुराबाट टाढा रहने जस्ता सकारात्मक सोचको संकल्प राख्न सकिन्छ। यसले मानसिक स्वास्थ्य मजबुत बनाउँछ ।

### ९. आफ्नो संस्कृति र भाषालाई सम्मान गर्ने

उसैगरी हामी आजभोलि हाम्रो संस्कृति र भाषाबाट पनि टाढा हुँदै गइरहेका छौं । यस्तोझ्ना घरमा नेपाली भाषामा बढी कुराकानी गर्ने, चाडपर्वलाई उल्लासपूर्ण रूपमा मनाउने र परम्परालाई नयाँ पुस्तालाई हस्तान्तरण गर्ने जस्ता संकल्प लिन सकिन्छ । किनकि हाम्रो पहिचान नै हाम्रो शक्ति हो । *स्रोत : अनलाईनखबर)*

# वनस्पति उद्यान परिसरमा नक्षत्र बाटिका स्थापना



समाज संवाददाता

हेटौँडा: हेटौँडा-१३ स्थित वनस्पति अनुसन्धान केन्द्र, मकवानपुरको वृन्दावन वनस्पति उद्यान परिसरमा नक्षत्र बाटिका स्थापना गरिएको छ । वनस्पति विभागको ६६ औँ वार्षिक उत्सव तथा २७ औँ वनस्पति दिवसको अवसरमा आइतबार बाटिका स्थापना गरिएको हो ।

धार्मिक बाटिकाको रुपमा स्थापना गरिएको नक्षत्र बाटिकामा २७ नक्षत्रका नमुना वनस्पति प्रजातिहरु वृत्ताकार नक्सांकन गरी रोपिएको छ । कार्यक्रमका प्रमुख अतिथि कृषि तथा वन विश्वविद्यालयका प्राध्यापक डा. बलराम भट्टले जन-सहभागितासहित गरिएका यस्ता कार्यक्रमले वन, वनस्पति र वातावरणको सांस्कृतिक महत्व जनस्तरमा बुझाउन सजिलो हुने भएकोले यस्ता कार्यक्रम निरन्तर हुनुपर्नेमा जोड दिनुभयो ।

केन्द्रका प्रमुख हेमराज पौडेलले वैदिक सनातन संस्कृति र मानव सभ्यता एक अर्काका परिपूरक मानिने र प्रकृतिलाई संस्कृतिसँग जोड्दा वातावरण सन्तुलनमा सहयोग पुग्ने भएकोले बाटिकाको स्थापना गरिएको जानकारी दिनुभयो । प्रचलित धार्मिक मान्यताअनुसार २७ नक्षत्रका वनस्पति प्रजातिहरुमा उत्तराषाढा-कटहर, श्रवणा-आँक, धनिष्ठा-शमी, शतभिषा-कदम, पूर्वभाद्रपद-आँप, उत्तरभाद्रपद-नीम, रेवती-महुवा, अश्विनी-कुचिला, भरणी-अमला, कृतिका-डूम्री, रोहिणी-जामुन, मृगशिरा-खयर, आद्रा-सिसौ, पुनर्वसु-बाँस रहेको मानिन्छ । यसैगरी पिपल-पुष्य, नागेश्वर-अश्लेषा, बर-मघा, पलाश-पूर्वफाल्गुणी, काभ्रो-उत्तर फाल्गुणी, रिठा-हस्ता, बेल-चित्रा, अर्जुन-स्वाती, कंकेरो-विशाखा, बकुल्पुश्प-अनुराधा, सिमल-जेष्ठा, राजवृक्ष-मूल र वेत-पूर्वशाढा वनस्पतिहरु पर्दछन ।

विशाखा नक्षत्रको कंकेरो वनस्पति प्रजातिबाहेक अरु सबै प्रजातिहरू नेपालमै उपलब्ध हुनसक्ने भएकाले यस बाटिकामा सबै प्रजातिहरू संकलन गरी रोप्दै जाने र व्यवस्थित गरिने वनस्पति अनुसन्धान केन्द्रका प्रमुख पौडेलले जानकारी दिनुभयो । कार्यक्रममा केन्द्रका बैज्ञानिक अधिकृत चन्द्रकला ठाकुर, केन्द्रका बनस्पति सहायक युगल अर्याल, हेटौँडा-१३ को सहारा टोल विकास संस्थाका अध्यक्ष अशोककुमार डिम्डुङलगायत केन्द्रका कर्मचारी तथा स्थानीयहरुको सहभागिता थियो ।

# गोरक्षेश्वरको संस्कृत वेद विद्याश्रमलाई खाद्यान्न सहयोग



समाज संवाददाता

हेटौँडा: नेपाल राष्ट्रिय शिक्षक संगठन मकवानपुरले हेटौँडा-१०, गोरक्षेश्वरस्थित संस्कृत वेद विद्याश्रमलाई खाद्यान्न सहयोग गरेको छ । संगठनको ४७ औं स्थापना दिवसको अवसरमा आइतबार आयोजित कार्यक्रममा संगठनका राष्ट्रिय समिति उपमहासचिव श्रीराम दहालले विद्याश्रमलाई खाद्य सामग्रीहरु हस्तान्तरण गर्नुभएको हो ।

संगठनले विद्याश्रमका बटुकहरुका लागि चामल, दाल, तेल, चिउरा, भुजालगायतका १२ हजार बराबरको खाद्यान्न सामग्रीहरु हस्तान्तरण गरेको जनाएको छ । स्थापना दिवसको अवसरमा संगठनले प्रकाशन गरेको शैक्षिक सत्र २०८३ को क्यालेण्डर लोकार्पण गरिएको थियो ।

नेपाल शिक्षक राष्ट्रिय संगठनका राष्ट्रिय समिति उपमहासचिव दहालको प्रमुख आतिथ्य तथा संगठनका जिल्ला उपाध्यक्ष चन्द्रादेवी लामा बलको सभाध्यक्षतामा भएको कार्यक्रममा नेपाल बौद्धिक परिषद्का केन्द्रीय सदस्य मोहनप्रसाद शर्मा, संगठनको बागमती प्रदेश समितिका सदस्यहरु लक्ष्मीकुमारी अधिकारी, सुनिल गौतम, बालकुमार श्रेष्ठ, पेशागत महासंघ बागमती प्रदेश उपाध्यक्ष सीताराम दाहाल, शिक्षकहित बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष शिवप्रसाद लामिछाने, भुटनदेवी माविका प्रधानाध्यापक सूर्यप्रसाद घिमिरेलगायतको उपस्थिति थियो ।

नेपालभरका सबै शिक्षकहरुको साझा संगठनको रुपमा रहेको नेपाल राष्ट्रिय शिक्षक संगठनको विसं २०३६ चैत्र २९ गते हेटौँडाको भुटनदेवी माविका शिक्षक बद्रीप्रसाद खतिवडाको अध्यक्षतामा समिति गठन भएको थियो । तत्कालीन अवस्थामा शिक्षकहरुको तलब, बिदालगायतका सुविधाविहीन अवस्थालाई सरकारद्वारा सम्बोधन गराउन समन्वयका लागि संगठनको स्थापना भएको थियो ।




# छात्रवृत्ति विवरण सार्वजनिक गर्नु : शिक्षा मन्त्रालय

काठमाडौं : शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले नियम बमोजिम छात्रवृत्ति प्रदान नगर्ने विद्यालयलाई कानुन बमोजिम आवश्यक कारबाही गर्न सम्पूर्ण स्थानीय तहहरूलाई समन्वय एवं सहजीकरण गर्न अनुरोध गरेको छ । मन्त्रालयले सोमबार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई पत्राचार गर्दै शिक्षा ऐन र नियमावली बमोजिम निजी तथा सार्वजनिक विद्यालयले विद्यार्थी संख्याका आधारमा तोकिएबमोजिमका १० प्रतिशत छात्रवृत्ति प्रदान गरेको छात्रवृत्तिको विवरण अध्यावधिक गरे/नगरेको सम्बन्धमा अनुगमन र सहजीकरण गर्न स्थानीय तहलाई अनुरोध गरेको हो ।

अनिवार्य तथा नि:शुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ मा उल्लेख भए अनुसार निजी लगानीका विद्यालय र सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालनमा रहेका विद्यालयले विद्यार्थी संख्याका आधारमा तोकिए बमोजिमका विद्यार्थीलाई नि:शुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने भन्ने व्यवस्था छ । यस्तै, शिक्षा नियमावली, २०५९ मा संस्थागत विद्यालयले कुल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघटाई गरिब, अपाङ्गता, महिला, दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ भन्ने व्यवस्था छ ।

सोही व्यवस्था अनुरूप सम्पूर्ण विद्यालयहरूले तोकिए बमोजिम छात्रवृत्ति प्रदान गर्न निर्धारण गरिएको छनोट विधिबाट छनोट भई छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको नमावली आईएमआईएसमा तत्काल अद्यावधिक गर्न मन्त्रालयले आग्रह गरेको छ । साथै छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको विवरण सम्पूर्ण अभिभावकले देख्ने सुनिश्चित हुने गरी विद्यालयहरूले सार्वजनिक गर्ने तथा विद्यालयले प्रदान गरेको छात्रवृत्तिको विवरण अद्यावधिक गरे/नगरेको अनुगमन गरी नगर्ने विद्यालयलाई तत्काल अद्यावधिक गर्न लगाउने पत्रमा भनिएको छ ।

*स्रोत : अनलाइनखबर ।*

# परीक्षा पछिको समयलाई विद्यार्थीले कसरी सदुपयोग गर्न सक्छन् ?



आयुषा आचार्य

यतिबेला शैक्षिक सत्र २०८२ को समापन भएको छ । विद्यालय परीक्षासँगै नतिजा प्रकाशनको काम पनि भइसकेको छ । शैक्षिक सत्र सकिएर नयाँ शैक्षिक सत्र सुरुवात नहुँदाको विद्यार्थीसँग करिब २ साताको खाली समय छ । वार्षिक परीक्षा सकिएर आउने बिदा केवल आराम गर्ने समय मात्र होइन, यो बालबालिकाको विकासका लागि सुनौलो अवसर पनि हो । बालबालिकामा भएको प्रतिभा निखार्ने समय पनि हो ।

यो समयमा यो बिदामा १-२ दिन समय उनीहरूको परीक्षा प्रतिको मानसिक तनावबाट राहत हुन लाग्छ । त्यसपछिको समय उनीहरूको खेलकुदको साथसाथै अभिभावकहरूले पनि आफ्नो समय बालबालिकाहरूलाई दिनु आवश्यक हुन्छ । बालबालिकाको विकासमा सबैभन्दा ठूलो हात अभिभावकको हुन्छ ।

यो समयलाई मोबाइल, टिभी, गेमहरूबाट टाढा राखेर पनि सदुपयोग गर्न सकिन्छ । बालबालिकाहरूलाई आफ्नो रुची अनुसारको नयाँ-नयाँ सीपहरू सिक्न प्रोत्साहन गर्नुपर्छ । जस्तै, संगीत, नृत्य, चित्रकला, हस्तकला आदि । यो भन्दा महत्वपूर्ण कुरा अभिभावक र बालबालिकाबीच दोहोरो अन्तरक्रिया हुन जरुरी छ, उनीहरूको मनोविज्ञान बुझ्न जरुरी छ । अहिलेको समयमा मोबाइल, टिभी र नयाँ-नयाँ प्रविधिले गर्दा एउटै घरभित्रको परिवार पनि आपसमा भेट्न मुस्किल छ । यो सबै कुराहरूमा सबैभन्दा बढी केन्द्रित बालबालिकाहरू नै छन् ।

त्यसैले परीक्षा पछिको बिदाको सदुपयोग गर्न अभिभावकहरूले समय दिएर नयाँ नयाँ सीपहरू सिक्न प्रोत्साहन गराउनुपर्छ । अभिभावकहरुले बालबालिकाहरुलाई बौद्धिक विकास र उनीहरूको सोच्ने, बुझ्ने क्षमता पनि सुदृढ बनाउन महत्वपूर्ण हुन्छ । आफैले काम गरिदिनेको सट्टामा आफूले घरको साना तिना कामहरू पनि गर्न सिकाउन सकिन्छ । जस्तै सरसफाइ, आफ्नो कपडा मिलाउने, किताबहरू मिलाएर राख्ने, भान्साको भाडा मिलाउने । उनीहरूसँग सक्दो समय अभिभावकले बिताउन जरुरी छ, किनभने वर्षभरि पढाइको तनावको भीडमा अभिभावक र बालबालिकाको बीच भेट हुन पाउँदैन । घरभित्र पनि आफू पनि बालबालिकारुसँग बसेर उपयोगी गतिविधिहरू गर्न सकिन्छ ।

परीक्षा पछिको बिदाको सदुपयोग बालबालिकाले कसरी गर्छन् भन्ने कुराको जिम्मेवारी अभिभावकमै हुन्छ । अभिभावकले जे सिकायो बालबालिकाले पनि त्यही सिक्ने हुन् । यो समयमा अभिभावकहरुले आफूले पनि मोबाइलको प्रयोग कम गरेर अतिरिक्त गतिविधिहरु साथमा गराउनु उचित हुन्छ । हामीले यो समयमा बच्चाहरूको प्रविधिमा भन्दा पनि शारीरिक क्रियाकलापहरूमा ध्यान दिनुपर्छ । किनभने वर्षभरिको समयमा बालबालिकाहरूको ध्यान टिभी, मोबाइल लगायत, अनलाइन गेम तर्फ हुन्छ, त्यसैले वर्षको अन्तिम परीक्षा पछिको समय हामी आफैंले बालबालिकाको साथी भएर साथमा नयाँ नयाँ अतिरिक्त क्रियाकलापहरु साथमा गर्दै बिताउनुपर्छ । यसको साथै आफ्नो घर वरपरको ऐतिहासिक, पुरातात्विक, साँस्कृतिक महत्व बोकेका स्थानहरू भ्रमण गराउने जसले गर्दा बालबालिकाको सिक्ने र नयाँ कुरा जान्ने उत्सुकतालाई अझै बढाउँछ ।

यसरी हामीले बालबालिकाहरूको परीक्षा पछिको समयलाई मोबाइल, टिभीको न्यून प्रयोग गरेर पनि सदुपयोग गर्न सक्छौं । मोबाइल टिभीको प्रयोगले मानसिक क्षमता निखार्न सक्छ । तर शारीरिक अवस्था र परिवारप्रतिको अन्तरक्रियालाई कमजोर बनाउँछ । त्यसैले बालबालिकाको परीक्षा पछिको समयलाई सक्दो मोबाइल टीभीको कम गर्नु उचित हुन्छ ।

## मोटरसाइकल हराएको सूचना

मिति २०८२/१२/२९ गते बिहान अन्दाजी ९ बजेको समयमा हेटौँडा अस्पतालको गेट बाहिर पार्किङ गरिराखेको सिताराम बस्नेतको नाममा रहेको बा प्र ०३-००६ प ५५०५ नम्बरको (च्याचिस नं.: MD2A11CXXSPH85036, इन्जिन नं DHXPSH65654) १५० सीसीको पल्सर मोटरसाइकल हराएको हुँदा कहीं कतै देख्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वात तल उल्लेखित मोवाइल नम्बरमा जानकारी गराइदिनुहुन अनुरोध छ ।

**सम्पर्क : सम्पर्क : ९८४५४९२२६७**

# निर्मल माविको अभिभावक भेला सम्पन्न



समाज संवाददाता

हेटौँडा: हेटौँडा-१९, बस्तीपुर स्थित निर्मल माध्यमिक विद्यालयको अभिभावक भेला सम्पन्न भएको छ । आइतबार विद्यालय व्यवस्थापन समितिका अध्यक्ष अमृत ओलीको सभाध्यक्षतामा विद्यालयको ५० औं वार्षिक अभिभावक भेलामा सम्पन्न भएको हो ।

भेलामा विद्यालयका प्रधानाध्यापक प्रबोध बिडारीले आर्थिक वर्ष २०८१/८२ को आय-व्यय विवरण प्रस्तुत गर्नुभयो । साथै, आगामी शैक्षिक सत्र २०८३ का लागि प्रस्तावित बजेट र योजनाहरू प्रस्तुत गर्दै विद्यालयको गुणस्तर अभिवृद्धिमा अभिभावकको सहकार्य आवश्यक रहेको उहाँले बताउनुभयो ।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ओलीले स्वर्ण महोत्सवको आय-व्यय प्रतिवेदन सार्वजनिक गर्नुभएको थियो । स्वर्ण महोत्सवमा कुल ६८ लाख ३० हजार २ सय ४९ रुपैयाँ खर्च भएको उहाँले बताउनुभयो । स्वर्ण महोत्सवको अवसरमा व्यक्तिगत सहयोगबाट २२ लाख १६ हजार २ सय ६९ रुपैयाँ विद्यालयलाई प्राप्त भएको थियो । स्वर्गीय व्यक्तिको सम्झनामा २ लाख २ हजार ८ सय ७ रुपैयाँ, स्थानीय निकाय, फर्म तथा संघसंस्थाबाट ३२ लाख ५७ हजार ३ सय १६ रुपैयाँ र स्मारिका विज्ञापनबाट १ लाख १० हजार रुपैयाँ विद्यालयलाई आम्दानी भएको थियो । विद्यालयले कुल १० लाख ४३ हजार ८ सय ५७ रुपैयाँ भुक्तानी गर्न बाँकी रहेको अध्यक्ष ओलीले बताउनुभयो ।

अभिभावक भेलाको अवसरमा कक्षा १ देखि ९ सम्मका विद्यार्थीहरूको नतिजा प्रकाशन गर्नुका साथै उत्कृष्ट विद्यार्थीलाई सम्मान गरिएको थियो । यसैगरी अन्जना बस्नेतको अध्यक्षतामा विद्यालयमा ११ सदस्यीय शिक्षक अभिभावक संघ गठन भएको छ ।

हेटौँडा-१९ का वडा अध्यक्ष नरनाथ सुवेदीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा विद्यालय व्यवस्थापन समितिको पूर्वअध्यक्ष इन्दिरा तामाङसहित व्यवस्थापन समिति सदस्यहरूको उपस्थिति रहेको थियो ।

## VACANCY ANNOUNCEMENT

Mount Everest English Boarding School invites applications from qualified, experienced, and dynamic candidates for the following positions:

**1. Vice-Principal (Secondary Level) - 1 Position**

**Key Responsibilities:**

- Assist the Principal in the overall academic and administrative management of the school.
- Supervise teaching-learning activities and ensure effective curriculum implementation.
- Monitor teacher performance, lesson planning, and student academic progress.
- Coordinate examinations, co-curricular activities, and school development programs.
- Maintain discipline and promote a positive learning environment.
- Support professional development of teachers and staff.

**Qualification & Experience:**

- Master's Degree in Education or a relevant subject or Bachelors in Science/ B Ed. (Science)
- Minimum 3 years of teaching experience at the secondary level with one year leadership/ coordination experience preferred.
- Strong leadership, communication, and organizational skills.
- Good knowledge of modern pedagogy, assessment practices, and school management.
- Good knowledge of using MS-Word, Excel and any type school software (Veda) and social networking sites.

**2. Sports Teacher - 1 Position**

**(Specialization: Football, Volleyball, Basketball, and Athletics)**

**Key Responsibilities:**

- Plan and conduct regular sports classes and physical education activities.
- Train students in football, volleyball, basketball, and athletics.
- Organize inter-house and inter-school sports competitions.
- Identify and develop student talents in different sports.
- Ensure safety, discipline, and proper use of sports equipment.
- Promote physical fitness, teamwork, and sportsmanship among students.

**Qualification & Experience:**

- Bachelor's Degree in Physical Education or equivalent qualification.
- Relevant coaching certification in major sports will be an added advantage.
- Experience in school sports training and tournament management preferred.
- Energetic, motivating, and passionate about student physical development.

**3. Art, Dance & Music Teacher - 1 position for each**

**Key Responsibilities:**

- Teach Art/ Dance/ Music to assigned grade levels
- Develop students' creativity, expression, and performance skills
- Prepare students for cultural programs, competitions, and school events
- Organize art exhibitions, musical performances, and dance shows
- Design engaging lesson plans and practical learning activities
- Coordinate with school management for co-curricular activities

**Qualification & Experience:**

- Bachelor's degree in Fine Arts, Music, Dance, Performing Arts, or certified training on related field
- Ability to teach school-level curriculum and conduct practical classes
- Experience in organizing cultural programs, exhibitions, and stage performances
- Creative, enthusiastic, and student-centered teaching approach
- Prior teaching experience will be an added advantage

**Documents Required:**

- Updated CV, Academic certificates, Experience letters (if available), Recent passport-size photograph

**Application Procedure**

Interested candidates are requested to **submit their updated CV, cover letter, and relevant documents** within **7 Baisakh 2083.**

**Application Mode:** Email to vacancy.mteverest@gmail.com / Direct submission to the school office or Whatsapp 9761718350.

**Note:**

**Only shortlisted candidates will be contacted for the selection process.**

**The school reserves the right to accept or reject any application without assigning any reason.**

Mount Everest English Boarding School
Hetauda-8, Kamane

## प्रधानमन्त्री कप क्रिकेट-२०८२

# आशिफ शेख र एपीएफ क्लबको नयाँ कीर्तिमानी




*प्लेयर अफ द म्याच एपीएफका आशिफ शेख ।*

समाज संवाददाता

हेटौँडा : प्रधानमन्त्री कप पुरुष एकदिवसीय क्रिकेट प्रतियोगितामा विभागीय टोली नेपाल एपीएफ क्लबले नयाँ कीर्तिमान बनाएको छ । साथै नेपाली राष्ट्रिय क्रिकेट टोलीका ओपनर तथा एपीएफ क्लबका व्याटर आशिफ शेखले पनि नयाँ कीर्तिमान बनाएका छन् ।

सोमबार मधेश प्रदेश विरुद्धको खेलमा आशिफले कीर्तिमानी पारी खेलेसँगै एपीएफ क्लबको नयाँ कीर्तिमान कायम भएको हो । वीरगञ्जस्थित नारायणी रङ्गशालामा भएको मधेश प्रदेश विरुद्धको खेलमा आशिफले शानदार दोहोरो शतक प्रहार गरे । योसँगै आशिफ शेख प्रधानमन्त्री कपको इतिहासमा दोहोरो शतक बनाउने पहिलो खेलाडी बनेका छन् । १३७ बलमा दोहोरो शतक पूरा गरेका आशिफले १४२ बलमा २०८ रन बनाएर आउट भए, जुन प्रधानमन्त्री कपको इतिहासमा कुनैपनि खेलाडी अहिलेसम्मको सर्वाधिक व्यक्तिगत स्कोर हो ।

आशिफ शेखको विष्फोटक पारीको बलमा विभागीय टोली एपीएफ क्लबले मधेश प्रदेशलाई ३९१ रनको विशाल लक्ष्य दिएको थियो । यो पनि प्रधानमन्त्री कपको इतिहासको सबभन्दा विशाल लक्ष्य हो । यसअघि जारी प्रतियोगितामा विभागीय टोली नेपाल पुलिस क्लबले एपीएफ क्लबकै विरुद्धमा ३५५ रन बनाएको थियो भने सोमबार भएको अर्को खेलमा त्रिभुवन आर्मी क्लबले कोशी प्रदेश विरुद्ध ३६२ रन बनाएको छ । सोमबार भएको खेलमा एपीएफ क्लबले निर्धारित ५० ओभरमा ४ विकेट गुमाएर ३९० रन बनाएको थियो । एपीएफका लागि आशिफ बाहेक सन्दिप जोराले ५६ रन र कप्तान रोहित कुमार पौडेलले ५५ रनको योगदान गरे । मधेश प्रदेशका रुपेश सिंहले ३ विकेट र रन्जित कुमारले १ विकेट लिए ।

जवाफी व्याटिङ गरेका मधेश प्रदेशले ३१६ रन मात्रै बनाउन सक्यो । मधेशले निर्धारित ५० ओभरमा ८ विकेट गुमाएर ३१६ रन बनाएको हो । मधेशका आदिल आलमले ८७ रन र अरनिको प्रसाद यादवले ८६ रन बनाए । एपीएफ क्लबका अभिशेष गौतमले ३ विकेट र कमल सिंह ऐरीले २ विकेट लिए । जारी प्रतियोगितामा एपीएफ क्लबको यो पाँचौँ जित हो भने मधेश प्रदेशको यो तेस्रो हार हो ।

यस्तै, सोमबार भएका अर्को खेलमा विभागीय टोली त्रिभुवन आर्मी क्लबले कोशी प्रदेशलाई १८५ रनको पराकिलो रन अन्तरले पराजित गरेको छ । जनकपुरको रामजानकी क्रिकेट मैदानमा भएको खेलमा टस हारेर सुरुमा व्याटिङको निम्तो पाएका आर्मी क्लबले कोशी प्रदेशलाई ३६३ रनको विशाल लक्ष्य दिएको थियो । आर्मी क्लबले निर्धारित ५० ओभरमा ८ विकेट गुमाएर ३६२ रन बनाएको थियो । विभागीय टोली आर्मी क्लबका कप्तान विनोद भण्डारीले १८९ रन र भिम सार्कीले ८० रन बनाएका थिए । कोशीका विपिन कुमार महतोले ३ विकेट लिएका थिए ।

जवाफी व्याटिङ गरेको कोशी प्रदेश १७७ रनमै सीमित रह्यो । कोशीका लागि प्रभात किरण हङखिम राईले ३८ रन र शिवांस बजागाईंले ३७ रन बनाए । आर्मी क्लबका अकाश चन्दले ३ विकेट र बसिर अहमदले २ विकेट लिए । कोशीलाई पराजित गर्दै आर्मी क्लबले अपराजित यात्रा कायमै राखेको छ । जारी प्रतियोगितामा १५ अंकसहित आर्मी क्लब अंक तालिकाको शीर्षस्थानमा रहेको छ भने ११ अंकसहित एपीएफ क्लब तेस्रो र ९ अंकसहित मधेश प्रदेश पाँचौँ स्थानमा रहेको छ । जारी प्रतियोगितामा समूह चरणको आफ्नो सबै खेलिसक्दा पनि कोशी प्रदेश जितविहिन रहेको छ ।

# पत्रकार महासंघद्वारा १७ बुँदे 'हेटौँडा घोषणापत्र' जारी

समाज संवाददाता

हेटौँडा: नेपाल पत्रकार महासंघको केन्द्रीय कार्यसमितिको बैठकले १७ बुँदे 'हेटौँडा घोषणापत्र-२०८२' सार्वजनिक गरेको छ । बागमती प्रदेशको राजधानी हेटौँडामा शुक्रबार र शनिबार बसेको बैठकले प्रेस स्वतन्त्रता, श्रमजीवी पत्रकारको हकहित र सञ्चार क्षेत्रका विद्यमान चुनौतीहरूलाई समेट्दै घोषणापत्र जारी गरेको हो ।

महासंघले सरकारी विज्ञापनलाई सरकारी सञ्चार माध्यममा मात्र सीमित गर्ने सरकारको पछिल्लो कदमप्रति कडा आपत्ति जनाएको छ । यो नीतिले निजी सञ्चार माध्यमलाई आर्थिकरूपमा धराशायी बनाउने, प्रेस स्वतन्त्रतामाथि अप्रत्यक्ष नियन्त्रण गर्ने र पत्रकारहरूमा 'सेल्फ सेन्सरसीप' सिर्जना गर्ने महासंघको ठहर छ । यसबाट हजारौँ सञ्चारकर्मीको रोजगारी संकटमा पर्ने र दुर्गमका सञ्चार माध्यम बन्द हुँदा नागरिकको सूचनाको हक कुण्ठित हुने भन्दै महासंघले विज्ञापन वितरणलाई पारदर्शी, समावेशी र समानुपातिक बनाउन माग गरेको छ ।

यसैगरी, पत्रकारहरूलाई सिंहदरबार प्रवेशमा लगाइएको कडाइ र सूचना तथा समाचार संकलनमा गरिएको संकुचनलाई महासंघले आपत्तिजनक ठहर गर्दै तत्काल त्यस्ता अवरोध हटाउन सरकारसँग आग्रह गरेको छ । श्रमजीवी पत्रकारहरूको पारिश्रमिकको विषयमा महासंघले सबै सञ्चारगृहलाई नियमित तलब उपलब्ध गराउन र बाँकी बक्यौता तत्काल भुक्तानी गर्न आह्वान गरेको छ । श्रमजीवी पत्रकार ऐन २०५१ को दफा १७ बमोजिम सञ्चार प्रतिष्ठानहरूले पत्रकारको हकहितका लागि कल्याणकारी कोष बनाउनुपर्ने कानुनी व्यवस्था कार्यान्वयन गर्न सर्वोच्च अदालतले गरेको फैसलाको महासंघले स्वागत गरेको छ ।

बैठकले महासंघका विभिन्न तहका साधारणसभा र महाधिवेशनको मितिसमेत तय गरेको छ । जसअनुसार जिल्ला शाखाहरूले वैशाख १० गतेदेखि जेठ १० गतेसम्म र प्रदेश समितिहरूले जेठ ११ गतेदेखि ३१ गतेसम्म साधारणसभा सम्पन्न गर्नुपर्नेछ । महासंघको केन्द्रीय समितिको अधिवेशन आगामी असोज महिनामा हुने तय भएको छ भने राष्ट्रिय सम्मेलन २०८३ सालको जेठ महिनामा आयोजना गरिने महासंघले जनाएको छ ।

# डेङ्गी नियन्त्रणका लागि वडालाई उपकरण हस्तान्तरण




समाज संवाददाता

हेटौँडा: नेपालमा बढिरहेको डेङ्गी रोग संक्रमण नियन्त्रण गर्न रोटरी क्लब अफ हेटौँडाले हेटौँडा उपमहानगरपालिका वडा नम्बर ६ लाई डेङ्गी नियन्त्रण उपकरण हस्तान्तरण गरेको छ । सोमबार वडा अध्यक्ष विष्णु दाहाललाई उपकरण हस्तान्तरण गरिएको रोटरी क्लब अफ हेटौँडाका अध्यक्ष प्रमेश प्रधानले जानकारी दिनुभयो ।

वडा नम्बर ५ मा यसअघि नै वितरण गरिसकेको र वडा नम्बर ६ सहित अन्य वडाहरुलाई वितरण गर्न लागिएको डेङ्गी नियन्त्रण उपकरणले संक्रमित क्षेत्रहरुमा रोकथाम र नियन्त्रण कार्यलाई प्रभावकारी बनाउने अध्यक्ष प्रधानले बताउनुभयो । लामखुट्टे नियन्त्रणका लागि आवश्यक उपकरणहरु फगर मेसिन, सुरक्षात्मक पोशाक, स्प्रेइङ सेटहरु हस्तान्तरण गरिएको हो । उपकरण हस्तान्तरणसहित त्यसको सही प्रयोगबारे प्राविधिक अभिमुखीकरणसमेत गरिएको अध्यक्ष प्रधानले बताउनुभयो ।

डेङ्गी नियन्त्रणमा उपकरणमात्र होइन, समुदायको सक्रिय भूमिका सबैभन्दा महत्वपूर्ण रहेको भन्दै घरघरमा सफाइ, पानी जम्न नदिने, टायर-ड्रम-भाँडाकुँडामा पानी संकलन हटाउने तथा लामखुट्टे प्रजननस्थल नष्ट गर्ने कार्य निरन्तर गर्न आवश्यक रहेको उहाँले औँल्याउनुभयो । सामाग्री हस्तान्तरण कार्यक्रममा रोटरी क्बल अफ हेटौँडाका सचिव रामबहादुर थापा तथा पदाधिकारीहरु सहित रोटरी क्बल अफ मकवानपुरका पूर्वअध्यक्ष कविन सङ्गामीको उपस्थिति रहेको थियो । वडा अध्यक्ष दाहालले स्वास्थ्यका लागि स्थानीय तहले चाल्ने कदमलाई अझ प्रभावकारी बनाउन सहयोगी संस्थाहरूको समन्वय आवश्यक रहेको बताउनुभयो ।

# जेसीबी दुर्घटनामा चालकको मृत्यु

समाज संवाददाता

हेटौँडा: दोलखा जिल्लाको कालिन्चोक गाउँपालिका-३, एक्ले सल्लोस्थित सिंगटी-चरिकोट सडकखण्डमा जेसीबी दुर्घटना हुँदा चालकको मृत्यु भएको छ । मृत्यु हुनेमा रामेछाप जिल्लाको मन्थली नगरपालिका-१२, गेलुका ३० वर्षीय सुगम पौडेल (खत्री) रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

शनिबार राति विन्दावासिनी निर्माण सेवाको नाममा दर्ता रहेको बाप्र ०१-००४ प ५४४० नम्बरको जेसीबी सडकबाट ७ मिटर तल खसेर दुर्घटना भएको थियो । घटनाबारे आइतबार बिहान ६ बजेर ४५ मिनेटको समयमा खबर भएको प्रहरीले जानकारी दिएको छ ।

प्रहरी टोली घटनास्थलमा पुग्दा चालक सुगम मृत अवस्थामा फेला परेका थिए । मुचुल्कापश्चात शव पोस्टमार्टमका लागि चरिकोटस्थित पशुपति स्मृति चौलागाईं अस्पताल लगिएको प्रहरीले जानकारी दिएको छ ।

# बारामा अवैध मदिरा भट्टी नष्ट, तस्करीका सामान बरामद

समाज संवाददाता

हेटौँडा: बारा प्रहरीले शनिबार एक अवैध मदिरा भट्टी नष्ट गरेको छ । शनिबार बिहान इलाका प्रहरी कार्यालय सिम्रौनगढ र प्रहरी चौकी अमृतगञ्ज खजानीबाट खटिएको संयुक्त प्रहरी टोलीले सिम्रौनगढ नगरपालिका-२ स्थित अवैध मदिरा भट्टी नष्ट गरेको हो ।

भट्टीसँगै प्रहरीले त्यहाँ रहेको २ सय लिटर कच्चा पदार्थ, २० लिटर तयारी मदिरा, मदिरा उत्पादनमा प्रयोग हुने ठूला ड्रम र गेलनहरू समेत नष्ट गरेको छ ।

यस्तै, शुक्रबार बाराको सुवर्ण गाउँपालिका-१, सोलखपुर क्षेत्रबाट प्रहरीले भन्सार छलीका सामानहरू नियन्त्रणमा लिएको छ । शुक्रबार राति साढे ९ बजेको समयमा इलाका प्रहरी कार्यालय कवहीगोठ र प्रहरी चौकी अमृतगञ्ज खजानीबाट खटिएको संयुक्त गस्ती टोलीले भारतबाट नेपालतर्फ भन्सार छली गरी ल्याउँदै गरेको अवस्थामा ४ लाख १७ हजार रुपैयाँ बराबरको अवैध सामान बरामद गरेको हो ।

बरामद गरिएका सामानहरूमा २० थान एलइडी टिभी, २० थान ग्यास चुल्हो, २४ थान साडी र ५ थान टर्च लाइट रहेका छन् । नियन्त्रणमा लिइएका सामानहरूलाई आवश्यक कानुनी प्रक्रियाका लागि वीरगञ्ज भन्सार कार्यालयमा बुझाइएको प्रहरीले जनाएको छ ।

# वृत्तिमार्ग निर्देशनसम्बन्धी अभिमुखीकरण सम्पन्न

समाज संवाददाता

हेटौँडा: हेटौँडा-२ स्थित सिद्धार्थ माध्यमिक विद्यालयमा वृत्तिमार्ग निर्देशनसम्बन्धी एक दिवसीय अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ । हेटौँडा उपमहनगरपालिका शिक्षा विकास महाशाखाको आयोजना तथा इन्स्योर परियोजनाको प्राविधिक सहयोगमा सोमबार कार्यक्रम भएको हो ।

कार्यक्रममा कक्षा ११ का १८ जना विद्यार्थीहरूको सहभागिता रहेको थियो । कार्यक्रममा सहजकर्ता जमुना थापाले विद्यार्थीहरूलाई वृत्ति छनोट गर्दा ध्यान दिनुपर्ने विषयहरूमा मार्गनिर्देशन गर्नुभएको थियो । कार्यक्रममा सहभागी विद्यार्थी अञ्जली घिमिरेले कार्यक्रम विद्यार्थीहरूका लागि अत्यन्तै प्रभावकारी र आवश्यक रहेको बताउनुभयो । आफ्नो रुचि, खुबी र क्षमता अनुसारको वृत्ति छनोट गर्नुपर्छ भन्ने कुरा आफूहरुले प्रस्टरूपमा सिक्न पाएकोमा खुसी व्यक्त गर्नुभयो ।

शिक्षा विकास महाशाखाका प्रमुख हरिचन्द्र सापकोटाले आगामी दिनमा अन्य क्याम्पसका विद्यार्थीहरुलाई पनि समेटेर कार्यक्रमलाई अझ वृहत्रुपमा सञ्चालन गर्ने बताउनुभयो । कार्यक्रममा महाशाखाका राजमणि शर्मा, विद्यालयका शिक्षक टीकाप्रसाद दाहाललगायतको उपस्थिति रहेको थियो ।

नयाँ वर्षको शुभकामना



नयाँ वर्षको शुभ अवसरमा हाम्रा सम्पूर्ण विद्यार्थी, अभिभावक, शिक्षक, कर्मचारी, सहयोगी, शुभेच्छुकमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

निर्मल माध्यमिक विद्यालय परिवार
हेटौँडा-१९, मकवानपुर

नयाँ वर्षको शुभकामना



नयाँ वर्षको शुभ अवसरमा हाम्रा सम्पूर्ण सेवाग्राही, सहयोगी, शुभेच्छुकमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

दाजुभाइ स्वीट्स एण्ड फास्ट फुड परिवार
हेटौँडा-४, पारिजातपथ

नयाँ वर्षको शुभकामना



नयाँ वर्षको शुभ अवसरमा हाम्रा सम्पूर्ण सेवाग्राही, सहयोगी, शुभेच्छुकमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नवीन राना मगर, प्रोप्राइटर
एवम् शिखर गेष्ट हाउस परिवार
हेटौँडा-१०, मकवानपुर

नयाँ वर्षको शुभकामना



नयाँ वर्षको शुभ अवसरमा हाम्रा सम्पूर्ण विद्यार्थी, अभिभावक, शिक्षक, कर्मचारी, सहयोगी, शुभेच्छुकमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

विनोद सुवेदी, प्रिन्सीपल
एवम् बालजागृति इंग्लिस सेकेण्डरी स्कूल परिवार
हेटौँडा-२, मकवानपुर

नयाँ वर्षको शुभकामना



नयाँ वर्षको शुभ अवसरमा हाम्रा सम्पूर्ण विद्यार्थी, अभिभावक, शिक्षक, कर्मचारी, सहयोगी, शुभेच्छुकमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

हेटौँडा स्कूल अफ म्यानेजमेन्ट परिवार
हेटौँडा-४, मकवानपुर

नयाँ वर्षको शुभकामना



नयाँ वर्षको शुभ अवसरमा सम्पूर्ण काष्ठ व्यवसायी, वन उद्यमी, हाम्रा सहयोगी, शुभेच्छुकमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

धर्म बस्नेत, अध्यक्ष
एवम् नेपाल वन पैदावार उद्योग व्यवसायी संघ मकवानपुर परिवार
हेटौँडा, मकवानपुर

नयाँ वर्षको शुभकामना



नयाँ वर्षको शुभ अवसरमा हाम्रा सम्पूर्ण विद्यार्थी, अभिभावक, शिक्षक, कर्मचारी, सहयोगी, शुभेच्छुकमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नवोदय शिशु सदन मावि परिवार
हेटौँडा-४, मकवानपुर

नयाँ वर्षको शुभकामना



नयाँ वर्षको शुभ अवसरमा स्वतन्त्र पत्रकार, लेखक, पाठक, स्रोता, दर्शक, सहयोगी, शुभेच्छुकमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

राजन घिमिरे (अनुराग), अध्यक्ष
एवम् स्वतन्त्र पत्रकार संघ मकवानपुर परिवार
हेटौँडा, मकवानपुर

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ